# भिमाद नगरपालिका
## BHIMAD MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं./Ref No.:२०७९/०८०
च.नं./Des No.:

मिति: २०८०/०२/१४

**गणतन्त्र दिवस मनाउने सम्वन्धमा भिमाद नगरपालिका, तनहुँको अनुरोध ।**

गणतन्त्र दिवस २०८० मनाउने सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र साथ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, काठमाण्डौको पत्र र जिल्ला प्रशासन कार्यालय, तनहुँवाट प्राप्त पत्र समेतका आधारमा मिति २०८० साल जेष्ठ १४, १५ र १६ गते यस नगर क्षेत्र भित्र रहेका सम्पूर्ण सरकारी तथा गैर सरकारी कार्यालय/निकाय/प्रतिष्ठान/संघसंस्थाहरु एवं आम नगरवासी सर्वसाधारण महानुभावहरुले देहाय वमोजिम गर्नु/गराउनु हुन अनुरोध गरिन्छ ।

**देहाय**

- सम्पूर्ण सरकारी तथा गैर सरकारी कार्यालय/निकाय/प्रतिष्ठान एवम् संघ संस्थाहरुले जेष्ठ १५ गते आ-आफ्नो कार्यालय परिसर सरसफाई गर्ने र जेष्ठ १४, १५ र १६ गते कार्यालयमा राष्ट्रिय झण्डा फहराउने तथा साँझ दिपावली गर्ने,
- आम नगरवासी सर्वसाधारण महानुभावहरुले जेष्ठ १५ गते आ-आफ्नो घर, टोल एवं सार्वजनिक स्थलहरु सरसफाई गर्ने र जेष्ठ १४, १५ र १६ गते साँझ दीप प्रज्वलन तथा आ-आफ्नो घरमा दिपावली गर्ने,
- दिवस केन्द्रित रही अन्य सान्दर्भिक तथा उपयुक्त कार्यक्रमहरु संचालन गर्ने ।

भिमाद नगरपालिका कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

**भिमाद नगरपालिका, तनहुँ**

निर्णयहरु

*गणतन्त्र दिवस, २०८० देहायका कार्यक्रम गरी मनाउने निर्णय गरियो।*

१. जिल्लास्थित सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले जेष्ठ १४, १५ र १६ गते आ-आफ्नो कार्यालयमा दिपावली गर्ने। यसै गरी उक्त तीन दिन सम्म दिपावली गर्न समस्त जिल्लावासीहरुमा आव्हान गर्ने।

२. सबै सरकारी कार्यालयहरुले आ-आफ्नो कार्यालय परिसरको विशेष रुपमा सरसफाई गर्ने। सरसफाई गर्दा आफ्नो कम्पाउण्डभित्र मात्र नभई कम्पाउण्ड आसपासको क्षेत्रमा समेत गर्ने।

३. सम्बन्धित स्थानीय तहको संयोजनमा सडकहरु, सार्वजनिक चोकहरु, पार्कहरु र मठ मन्दिर जस्ता क्षेत्रमा विशेष तवरले सरसफाई गर्ने। व्यास नगरपालिकाको हकमा २०८०/०१/१५ गते विहान ६:३० बजे नगरपालिकाको गेटमा जनप्रतिनिधि, कर्मचारी, शिक्षक, समाजसेवी, राजनीतिकर्मी भेला भई सरसफाई कार्यको सुरुवात गर्ने। सो को लागि आवश्यक पर्ने कुचो, झाडु, मास्क, पञ्जा लगायतका सामग्रीहरु आवश्यक परिमाणमा नेपाल उद्योग वाणिज्य संघ, दमौली बजार इकाईले व्यवस्था गर्ने।

४. व्यास नगरपालिका, जनस्वास्थ्य कार्यालय, दमौली अस्पताल एवं नेपाल रेडक्रस सोसाइटी तनहुँको संयुक्त आयोजनामा अनसन चौतारीमा २०८०।०१।१५ गते विहान ६:३० बजेबाट सर्वसाधारणको रक्तचाप (Blood Pressure), तौल (Weight) तथा सुगर (Blood Sugar) को परिक्षण गर्ने। सो कार्यको संयोजन स्वास्थ्य कार्यालयले गर्ने।

५. जिल्लास्थित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका विचमा "संघीय गणतन्त्र नेपाल" विषयमा निवन्ध लेखन प्रतियोगिता आयोजना गर्ने। सो कार्यको संयोजन शिक्षा विकास तथा समन्वय इकाई, तनहुँले गर्ने।

६. २०८०/१/१५ गते विहान दमौली अस्पतालमा उपचाररत विरामीहरुलाई व्यास नगरपालिकाको संयोजनमा फलफूल वितरण गर्ने।

७. दमौली कारागारमा रहेका कैदी बन्दीहरुलाई लेख रचना लेख लगाई सिर्जनशिल कार्य गर्न लगाउने। सो कार्यको संयोजन जिल्ला प्रहरी कार्यालय, तनहुँ र कारागार कार्यालय, तनहुँले गर्ने।

८. गणतन्त्र दिवस, २०८० को सन्दर्भमा सन्देशमूलक लेख, रचनाहरु छापा तथा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने।

२०८०-२-१४

प्रमुख जिल्ला अधिकारी